ISSN 2631-2336
© Journal of Education Research and Innovation
Vol.4 No.1 (2024)

# आहुतिका कवितामा दलित विरूद्धको प्रतिरोधात्मक चेतना

**हरिजङ्ग शाह**
**उपप्राध्यापक, मध्यपश्चिम विश्वविद्यालय**
**shahhari2038@gmail.com**

**लेखसार**

*प्रस्तुत लेख आहुतिका कवितामा दलित विरूद्धको प्रतिरोधात्मक चेतनाको पहिचान गर्नु उद्देश्यसँग सम्बन्धित रहेको छ  छ । यस लेखमा प्राप्त तथ्याङ्कलाई वर्णनात्मक तथा विश्लेषणात्मक रूपमा व्याख्या विश्लेषण गरिएकाले गुणात्मक ढाँचाअन्तर्गत पाठ विश्लेषणमा आधारित रहेको छ । अध्ययन कार्यसँग सम्बन्धित रहेका वा नेपाली साहित्यमा लेखिएका दलित चेतनाको निरूपण गर्ने एवम् प्राज्ञिक समस्याको समाधानका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएको छ । गुणात्मक अनुसन्धान भएकाले विशेष गरी व्याख्या विश्लेषणका लागि आवश्यकताअनुसार विश्लेषणात्मक र तार्किक विधि तथा प्रक्रियाको उपयोग गरिएको छ । यसरी समसामयिक प्रगतिवादी कविता धारामा उदाएका कवि आहुतिले सङ्ख्यात्मक रूपमा त्यति धेरै कविता नलेखेका भए तापनि गुणात्मकताको कसीमा यिनका कविता निकै प्रखर र सशक्त छन् । मूलतः प्रगतिवादी काव्यलेखनको मूलमान्यतालाई अक्षरशः पालना गरी काव्यसाधना गर्ने आहुतिले जातीय उत्पीडनको तीव्र विरोध मात्र गरेका छैनन्, दलितको समस्यालाई निकै प्राज्ञिक ढङ्गले विश्लेषण गर्दै समाधानका उपायसमेत प्रस्तुत गरेका छन् । आहुतिले कवितामा सामाजिक विकृति र विसङ्गतिप्रति विद्रोह, दलित तथा उत्पीडितप्रति पूँजीपतिवर्गद्वारा गरिएको दमन, शोषण, जातीय विभेदको उजागर गर्दै नेपाली साहित्यमा दलित विभेद विरूद्धको प्रतिरोधात्मक चेतनालाई नेपाली समाजमा युगौँयुगदेखि उत्पीडनको जीनव वाध्य भएका कामी, दमाई, च्यामे, गाइने, बादी, मुसहर र सार्की जातिका प्रतिनिधि पात्रमार्फत् निकै सशक्त रूपमा प्रस्तुत गरेका छन् । मसामयिक नेपाली कवितामा कला पक्षभन्दा पनि विचार पक्षलाई विशेष जोड दिएर यस प्रकारको दलित विभेद विरूद्धको प्रतिरोधात्मक क्षमतालाई सशक्त रूपमा प्रस्तुत गर्नु आहुतिको विशिष्ट काव्यगत पहिचान तथा विशेषता हो ।*

**मुख्य शब्दावली**: प्रतिरोधात्मक, चेतना, प्रतिनिधित्व, प्राज्ञिक, प्रगतिवाद ।

## विषय परिचय

आहुतिको वास्तविक नाम विश्वभक्त दुलाल हो । उनी वि.सं. २०२४ साल काठमाडौँको नैकापमा जन्मेका आहुति नेपाली राजनीतिका वैचारिक नेता तथा प्रगतिवादी साहित्यकार हुन् । साहित्यका क्षेत्रमा विभिन्न नामबाट परिचित भए तापनि यिनी 'आहुति' उपनामले नै सबै सामु चिरपरिचित देखिन्छन् । कम्युनिस्ट नेताको पहिचान बनाएका आहुतिले वैचारिक रूपमा वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीको नेतृत्व गर्नुका साथै दलित आन्दोलनको प्राज्ञिक ढङ्गले अगुवाइ गर्दै आएका छन् । मार्क्सवादका ज्ञाता रहेका उनका कृतिहरू परिमाणात्मकभन्दा पनि गुणात्मक प्रकृतिका छन् । जीवनको प्रारम्भिक चरणदेखि नै कम्युनिष्ट राजनीतिमा झुकाव भएका आहुतिले साहित्य र राजनीतिमार्फत् समाज रूपान्तरणमा आफूलाई समर्पित गरेका छन् । पूर्व माओवादी केन्द्रका नेता रहेका उनी अचेल 'वैज्ञानिक समाजवाद' को वकालत गर्ने अलग कम्युनिस्ट धार निर्माणका विचार प्रस्तोताका रूपमा चर्चित छन्  (गौतम, २०६७, पृ.८) । आहुतिले पछिल्लो समय नेपाली साहित्यमा दलित चेतनाले युक्त कविताहरू सशक्त रूपमा लेखेको पाइन्छ । वास्तवमा उनका कवितामा कला पक्षभन्दा पनि विचारपक्ष बलियो रूपमा उजागर भएको पाइन्छ ।

कवि आहुतिले वि.सं. २०४९ मा २५ वटा कविताहरू सङ्गृहीत गरेर 'तपस्वीका गीतहरू' कविता सङ्ग्रह र वि.सं. २०७१ मा २८ वटा कविताहरू सङ्गृहीत गरेर दोस्रो कविता सङ्ग्रह 'गहुँगोरो अफ्रिका' प्रकाशन गरेका छन् । वस्तुतः आहुतिका प्रथम चरणका भन्दा दोस्रो चरणका कविताहरू अझ सशक्त, क्रान्तिकारी, गणतान्त्रिक चेत बोकेर देखा परेका छन् र ती काव्यिक गुणले अझ सम्पन्न परिष्कृत छन् । राजनीतिमा पनि उनी सफल रहेका छन् । सामाजिक-सांस्कृतिक क्षेत्रमा पनि आफूलाई समाहित गर्दै अघि बढेका आहुतिको समग्र

व्यक्तित्व सफल र सम्झनलायक रहेको पाइन्छ । विशेष गरी नेपाली साहित्यमा दलित चेतनाले युक्त कविता मार्फत् दलितका मुद्धालाई प्राज्ञिक ढङ्गले उठान गरेका छन् ।

आहुतिले साहित्यका विविध विधामा कलम चलाए पनि यिनी कविता विधामा सफल र ऊर्जाशील छन् । यिनका कवितामा सामन्त तथा जमिन्दार वर्गद्वारा किसानमाथि गरिएको शोषणको चित्रण, जातीय उत्पीडनको विरोध, साम्राज्यवादी राज्यसंरचनाप्रति विद्रोह आदि मुख्य विशेषताहरू पाइन्छन् । आहुतिका कविताले मानवीय मूल्य अपहरण भएको वर्तमानको सामाजिक संरचनाप्रति वितृष्णा तथा मानवीय स्वतन्त्रता र स्वाधीनताको पक्षमा वकालत गरेको पाइन्छ । नेपाल एक बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक मात्र नभएर बहुजातीय मुलुक पनि हो । नेपाल विश्वमा विविध जातजातिको पनि देश भनेर परिचित छ । विविध जातजातिको देश हुँदाहुँदै पनि यसमा एक जाति र अर्को जातिबिच भेदभाव भने कायमै रहेको छ । जातीय चेतनाको कमीले विविध प्रकारका समस्याहरू समाजमा सिर्जना भएका छन् । यस प्रकारको जातीय चेतनाको आवाजलाई कवितामा कविले बुलन्द पार्ने गर्दछन् । कविता साहित्यको सर्वप्राचीन एवं लोकप्रिय विधा हो । आज पनि यस विधाको गरिमा, महत्व र उपयोगिता साहित्यमा कायम नै छ । पछिल्लो समय कवि आहुतिले पनि यस्ता जातीय दमन शोषणको विषयवस्तुलाई कविधा विधाका माध्यमबाट सशक्त रूपमा उठाएका छन् ।

नेपालमा प्रजातन्त्र आए पछि मात्र कविहरूले अन्याय र अत्याचारका विरुद्धमा खुलेर अफ्ना भावनाहरू राख्न पाएका हुन् । सर्वप्रथम त्यसको माध्यम भनेको कविता विधा नै रह्यो । कविता विधा सबैको लागि सरल र सहज भएकाले पनि यसलाई प्रमुख माध्यम बनाइयो ।  यसरी कविता विधामार्फत् आफ्ना भावना पोख्ने क्रममा कविहरूले समाजमा देखा परेका जातीय विभेदका विकृति, विसङ्गति र समस्याहरूललाई टड्कारो रूपमा उजागर गरेको पाइन्छ । समकालीन कविताहरूमा कविले यस्ता जातीय चेतना भएका विविध कविताहरू रचना गर्ने क्रम जारी नै छ । समकालीन कविताको क्षेत्रमा आहुतिको कविता अन्य कविताभन्दा फरक पहिचान र विशेषता बोकेका छन् । विशेष गरी नेपाली समाजमा विद्यमान अन्याय अत्याचारको भण्डाफोर गर्दै वास्तविक समस्याको पहिचानसहित समाधानको वकालत गर्ने फरक क्षमता र पहिचान आहुतिका कवितामा पाइन्छ । उनका कवितामा दलितले भोग्नु परेको दुःख, पीडा, अन्यायअत्याचार, रोदन र समस्याको उठानमात्र नभएर त्यस्तो समस्याको जड र उपाचारको विधिसमेत निकै प्राज्ञिक तथा वौद्धिक ढङ्गले चित्रण गरेका छन् ।

हालसम्म आहुतिका फुटकर कविताको अध्ययन भए तापनि समग्र कविताको प्रभावकारी, व्यावहारिक अध्ययन नभएकाले पनि यस अध्ययनको औचित्य अथपूर्ण रहको छ । नेपालीमा समाजमा दलितमाथि भएका अन्याय अत्याचारका विरूद्धमा उहिलेदेखि अहिलेसम्म विविध प्रकारका आन्दोलन विरोध भए पनि यसले कहिल्यै साकार रूप लिन सकेन । विडम्बना त यो भयो कि यसले प्राज्ञिक वा वैचारिक रूप लिन सकेन । यस अध्ययनले सामाजिक विकृति र विसङ्गतिलाई पनि जातीय अध्ययनमा समावेश गर्ने भएकाले पनि यो अध्ययन त्यतिकै महत्वपूर्ण रहको छ । यद्यपि हालसम्म उनका उपन्यास, कविताको समग्रतामा अध्ययन भए तापनि  कविता विधामा प्रयुक्त दलित चेतनाको अध्ययन अनुसन्धान हुन सकेको छैन । स्नातकोत्तर तहमा आहुतिका कविता सङ्ग्रहमा केही शोधपत्र तयार भएका छन् । ती शोधपत्रमा पनि दलित विभेद विरुद्धको प्रतिरोधको विशिष्ट अध्ययन भएको छैन । यसै सन्दर्भमा रहेर आहुतिका कवितामा प्रयुक्त दलित प्रतिरोधको अवस्था के कस्तो छ भन्ने मुख्य समस्यामा केन्द्रित भएर प्रस्तुत अध्ययन गरिएको छ ।

**अनुसन्धान विधि र प्रक्रिया**

गुणात्मक विधि र पाठ विश्लेषण ढाँचा रहेको यस अध्ययनमा आहुतिका पाँचवटा प्रतिनिधि कविता प्राथमिक स्रोतका रूपमा रहेका छन् भने पुस्तकालय कार्यबाट सङ्कलन गरिएका सैद्धान्तिक पुस्तक, अनुसन्धानमुलक लेख , शोधपत्र द्वितीयक स्रोतका रूपमा रहेका छन् । प्रस्तुत अध्ययन कार्यसँग सम्बन्धित रहेका वा नेपाली साहित्यमा लेखिएका दलित चेतनाको निरूपण गर्ने एवम् प्राज्ञिक समस्याको समाधानका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएको छ । अध्ययनको सैद्धान्तिक पर्याधार साँस्कृतिक अध्ययनअन्तर्गत जातीय चेतना, दलित सौन्दर्यशास्त्र, मार्क्सवादी अध्ययन रहेका छन् । शाब्दिक रूपमा सङ्कलन गरिएको तथ्याङ्कलाई आवश्यकताअनुसार निगमनात्मक, विश्लेषणात्मक र तार्किक विधि तथा प्रक्रियाको उपयोग गरी व्याख्या विश्लेषण गरिएको छ ।

**सैद्धान्तिक पर्याधार**

दलित शब्दको निर्माण संस्कृतको 'दल' धातुमा 'इत' प्रत्यय लागेर बनेको हो । यस शब्दको अर्थ फुटाउनु, टुक्रा टुक्रा पार्नु र दबाउनु भन्ने हुन्छ । नेपाली र हिन्दी शब्दकोशमा 'दलित' शब्दको सामान्य अर्थ 'हेपिएको, दलिएको, पिसिएको' भन्ने रहेको छ । समयको अन्तरालसँगै दलित मुक्ति आन्दोलनबाट दलित शब्दको अर्थ अब त्यतिमा मात्र सीमित रहेन । हिन्दु समाजमा 'अछुत' बनाइएका ती जातले पनि 'दलित' शब्दलाई आन्दोलनबाट स्थापित आफ्नो सम्मानजनक परिचयका रूपमा ग्रहण गरिसकेका छन् (बराली र अधिकारी, २०७७, पृ. १५) । हाल आएर दलित शब्द समग्रमा उक्त वर्गको जातीय पहिचान गराउने साझा शब्दका रूपमा स्थापित भएको छ । पूर्वीय सभ्यताभित्र युगौंदेखि स्थापित र जब्बर बनेको विभेदकारी सामाजिक व्यवहारका कारण दलितहरू तेस्रो दर्जाको नागरिकका रूपमा जीवनयापन गर्न बाध्य भएको सन्दर्भमा दलित आन्दोलन प्रारम्भ भएको देखिन्छ । यो आन्दोलन पश्चिमी जगत्कै देन मानिन्छ । दलित आन्दोलनका विभिन्न मान्यतामध्ये मार्क्सवादी चिन्तन धारा पनि हो । मार्क्स एवम् एङ्गेल्सका राजनीतिक एवम् वर्गसम्बन्धी सामाजिक मान्यतामा आधारित यस दलित आन्दोलनले मुख्य रूपमा समाज र राज्यले गर्ने विभेदकारी नीतिका विरूद्ध आवाज उठाएको पाइन्छ । मार्क्सवादी कलाचिन्तनका क्षेत्रमा दलितका नामबाट त्यस्तो कुनै सैद्धान्तिक अवधारणा नदेखिए पनि पहिले समाजमा वर्गको आरम्भ भएको र त्यसैका आधारमा दलित वर्ग शोषित हुन पुगेको पाइन्छ (निरौला, सन् २०१९, पृ. २) । आज पनि समाजमा दलित विभेदका घटनाहरू घट्न छोडेका छैनन् । दलितले भोग्नु परेको अन्याय र अत्याचारको अन्त्यका लागि समाजमा एक प्रकारको चेतना दिन अति आवश्यक छ । यसका लागि सबै दलित र गैर दलित मिलेर मैनदेखि सामाजिक र भावनात्मक रूपमा यसको प्रतिकार, प्रतिरोध र निषेध गर्न आवश्यक छ ।

कला र संस्कृति मानव सभ्यताका पहिचान हुन् । मानव सभ्यताको अस्तित्व सँगसँगै संस्कृतिको पनि अस्तित्व रहेको पाइन्छ । संस्कृतिको विकास मानव सभ्यतासँग भए तापनि यसको अध्ययन अनुसन्धान धेरै पछिमात्र आएर हुन थालेको हो । नेपालमा त अझ यसको गहिरो, वैज्ञानिक र प्रभावकारी अध्ययन हुन सकेको छैन । जातीय अध्ययनले जात र जाति व्यवस्थाको समग्र पक्षलाई बुझाउँछ । यसले जाति, जनजाति तथा जातका कारण सिर्जित भेदसम्मको अध्ययन गर्ने गर्दछ । तसर्थ जातीय अध्ययन, जात व्यवस्था र त्यसको सामाजिक सम्बन्धको अध्ययन हो (भट्टराई, २०७७, पृ. १५२) । यसमा जातकै कारण हुने भेदभाव, जातीय उत्पीडन, अन्याय, अत्याचार, शोषण, दमन, आदि पक्षलाई आधार मानेर अध्ययन गर्ने गरिन्छ । फ्रान्सेली चिन्तक हिप्पोलाइट एडल्फटेनले जाति, पर्यावरण र क्षण भन्ने पदावलीको प्रयोग गरी जातीय अध्ययनको सुत्रपात गरेका हुन् । मानव समूहमा विभिन्न जातिहरू छन् र प्रत्येक साहित्यकार कुनैकुनै जातिको सदस्य हुन्छ । संसारका प्रत्येक जातिको आफ्नै सांस्कृतिक र ऐतिहासिक परम्परा हुन्छ । यस्ता जातिगत विशेषताहरू त्यस जातिको सबै साहित्यकारमा घटी वा बढी मात्रामा पाइन्छन् (शर्मा र लुइटेल, २०६१, पृ. १२८-१२९) । टेनले समालोचनाका आधार जाति, पर्यावरण र क्षणलाई मुख्य आधार माने तापनि जातिको आधारलाई अझ महत्त्वपूर्ण ढङ्गबाट हेरेका छन् । यसरी जातीय अध्ययनमा जातीय सम्बन्ध, जातीय उत्पीडन र शोषण, उच्चजातीय वर्चस्व, जातीय विभेद, पहिचान र प्रतिनिधित्व, जातीय समस्या, जातीय मुक्तिको चेतना, वर्णवादी प्रस्तुतीकरण, जातिमैत्री भावना, जाति र वर्गको सहसम्बन्ध आदिका आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ (भट्टराई, २०७७, पृ. ७-१०) । पहिचान जातिभित्रको व्यक्ति र समूहगत पक्ष हो । पहिचान प्रतीकात्मक हुन्छ र यसले जातिको उत्पत्ति विकास र परम्पराका सापेक्षतामा विचारधाराको निर्माण गर्दछ । राजनीतिलाई केन्द्रमा राखेर अध्ययन गरिने पहिचानले समाज र संस्कृक्तिमा व्यक्ति र समूहको परिचयको खोजी गर्छ भने समाज र संस्कृतिमा अधिकारको व्यवस्थापन पनि गर्दछ । पहिचानले समूहको प्रतिनिधित्वको अपेक्षा गर्दछ र मनोवैज्ञानिक, ऐतिहासिक र राष्ट्रिय रूपमा पछि परेको समूहलाई समावेशी धारमा समाहित हुने गरी व्यवस्थापन पनि गर्दछ । जातिका मूल्य र विश्वास तथा परिचयलाई स्थापित गर्दै राजनीतिका माध्यमबाट जातिको पहिचान र प्रतिनिधित्वलाई सुनिश्चित गरेर मात्र समाजमा सांस्कृतिक व्यवस्थापन सम्भव हुन्छ भन्ने मान्यता पहिचानगत मान्यता हो र प्रतिनिधित्व पनि जातिको उपस्थितिको अवस्था हो (भट्टराई, २०७७, पृ. ८) । यसका अतिरिक्त जातीय चेतनाको अध्ययन गर्ने अन्य विभिन्न सिद्धान्त वा आधारहरू पनि रहेका छन् । अध्ययनको प्रकृति र क्षेत्र हेरेर त्यस्ता आधारहरूको खोजी गर्न सकिन्छ । प्रस्तुत अध्ययनमा यिनै जातीय अध्ययनका आधारहरूलाई सैद्धान्तिक पर्याधारका रूपमा लिइएको छ ।

नतिजा र छलफल

.............

**दलित विरूद्धको प्रतिरोधात्मक चेतना**

सामान्य अर्थमा प्रतिरोध भनेको कुनै किसिमको आक्रमण वा बल प्रयोगलाई रोक्ने काम हो । यो एक किसिमको आफूमाथि भएको थिचोमिचोविरूद्धको प्रतिक्रिया हो । सांस्कृतिक अध्ययनका परिप्रेक्ष्यमा प्रभुत्वशाली शक्तिबाट हुने दमनका विरूद्ध गरिने प्रयास नै प्रतिरोध हो । दलित विभेद विरूद्ध आवाज वा प्रतिरोधात्मक चेतना सबैले उठाए पनि आहुतिको प्रतिरोध चाहिँ अन्यभन्दा निकै अब्बल छ । आहुतिले दलितको समस्यालाई निकै गहिराइबाट बुझेर, जानेर समस्याको समाधानसहितको निकासा दिएका छन् । उनले विरोधका नाममा विरोध गरेका छैनन् । वास्तविक समस्याको पहिचान गरी समाधानसमेत निकाल्नु आहुतिको फरक पहिचान वा विशेषता हो । वि.स. २०४९ मा प्रकाशित 'तस्पस्वीका गीतहरू' कवितासङ्ग्रहभन्दा दोस्रो गहुँगारो अफ्रिका कवितासङ्ग्रहका कवितामा दलित विभेद विरुद्धको प्रतिरोधलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । त्यतिमात्र नभएर गहुँगोरो अफ्रिका कवितासङ्ग्रहका कविता विषयवस्तु र भाव समेटिएका कविताहरू रहेका छन् । यस सङ्ग्रहका सबैजसो कविताहरू उत्कृष्ट भए तापनि गहुँगारो अफ्रिका कविता दलित चेतना तथा दलित सौन्दर्य शास्त्रका दृष्टिले निकै चर्चित र सशक्त कविता हो । अध्ययनको उद्देश्यमा आधारित भएर सङ्ग्रहभित्रका प्रतिनिधि कविताहरूको मात्र विश्लेषण गर्ने जमर्को यहाँ गरिएको छ ।

कविताको विश्लेषणका लागि विभिन्न आधार र मान्यताहरू प्रचलनमा रहेका छन् । आहुति समाजको अग्रगामी परिवर्तनका लागि साहित्यिक, राजनीतिक, सामाजिक-सांस्कृतिक हरेक क्षेत्रबाट आफूलाई समर्पित गर्न चाहने व्यक्तित्वका रूपमा देखिन्छन् । प्रगतिवादी कविताका क्षेत्रमा सशक्त कविताको साधना गर्दै उत्कृष्ट कविता रचना गर्ने यिनी दलित, निमुखा, शोषित, पीडित महिलाका आवाज मुखरित गर्ने र राजनीतिक भ्रष्टाचारको दोहोलो काड्ने एक अब्बल कविका रूपमा स्थापित देखिन्छन् । त्यस्तै उपन्यासका क्षेत्रमा पनि प्रगतिवादलाई अनुशरण गर्दै सामाजिक यथार्थको उद्घाटन गर्ने यिनको औपन्यासिक व्यक्तित्व पनि सबल रहेको देखिन्छ । आहुति देश, काल, परिस्थितिले जन्माएका कवि हुन् । विषमतापूर्ण सामाजिक परिवेश, उत्पीडन, अभाव र कर्तव्यवोधले कवि बन्न पुगेका आहुति चालिसको दशकमा उदाएर सम-सामयिक प्रगतिवादी काव्यधारामा कविता साधना गर्ने एक सशक्त प्रगतिवादी कवि हुन् । नेपाली प्रगतिवादी कविता परम्परामा आफूभन्दा अघिल्ला स्रष्टाहरूले स्थापना गरेको मूल्य मान्यतालाई अनुशरण गर्दै अझ बढी क्रान्तिकारी, गणतन्त्रवादी चेत लिएर देखा परेको पाइन्छ ।

प्रतिरोध भन्नाले कुनै पनि कुराको सत्य वा न्यायका लागि सामना गर्ने सक्ने क्षमता वा साहस हो । यो एक किसिमको आफूमाथि भएको अन्याय अत्याचारका लागि लड्ने प्रक्रिया पनि हो । सांस्कृतिक अध्ययनका परिप्रेक्ष्यमा प्रभुत्वशाली शक्तिबाट हुने दमनका विरूद्ध गरिने प्रयास नै प्रतिरोध हो । फुकोले भनेझैँ जहाँ शक्ति हुन्छ त्यहाँ प्रतिरोध हुन्छ । यही शक्ति नै सर्षको एउटा अवस्था प्रतिरोध हो । यसलाई सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा प्रभुत्वशाली शक्तिबाट हुने दमन, उत्पीडन र विभेदविरूद्ध सीमान्त समुदायले प्रकट गर्ने विरोध मानिएको छ (ढुङ्गाना, सन् २०२२, पृ.३१२) । दलितसमस्या छुवाछूतसँग मात्र नभएर सामाजिक, सांस्कृतिक, आधिका र राजनीतिकजस्ता अन्य उत्पीडन र शोषणसँग पनि जोडिएको छ । दलिताई मुक्तिका लागि लेखिएको दलितसाहित्यले दलितमाथि गरिने उत्पीडन ? शोषणका विरूद्धमा आवाज उठाउन सक्नुपर्छ र त्यस्तो चेतनाको सम्प्रेक्षण गर्दै परिवर्तन र रूपान्तरणका लागि क्रान्तिकारी माहोलको निर्माण गर्नसक्नु पर्छ । नेपाली दलितसाहित्यको इतिहासमा पहिलो चरणका रूपमा देखापरेको २०११ सालदेखि २०४६ सालसम्मको समयमा लेखिएको साहित्यले यसतर्फ ध्यान दिएको देखिन्छ । दलितमाथिको शोषण र उत्पीडनका विरूद्धमा स्वयम् दलितले आवाज उठाउनु पर्नेमा जोड दिएका छन् । आहुतिका कविताले नेपाली दलितसाहित्यको पहिलो चरणमा देखिएको उत्पीडन र शोषण विरूद्धको चेतना जागरण प्रवृत्तिलाई प्रतिनिधिमूलक रूपमा प्रस्तुत गरेको छ । कवितामा कविले उपल्लो जातकाले गरेको शोषणलाई सहेर बस्ने नभई त्यसका विरूद्धमा सङ्घर्ष गर्नुपर्ने भन्दै दलित समुदायमा जागरणको ज्योति छर्ने काम गरेका छन् । नेपाली साहित्यमा दलितचेतनाको इतिहासमा पहिलो चरणका रूपमा देखिएको समयावधिमा लेखिएको साहित्यले समकालमा भोग्नुपरेको पीडाबोध गर्दै त्यसबाट मुक्तिको चाहनासहितको विद्रोही भाव आएको देखिन्छ (बराली र अधिकारी, २०७७, पृ. ११०) । जातीय समाजमा जातीय भिन्नता र असमानताका कारण एउटा खास जाति समूह बहिष्कारमा परेको अवस्था जातीय वा दलित

विभेद हो । यस अवस्थामा एउटा जातिले अर्को जातिमाथि वर्चस्व कायम गर्छ । न्याय र समताजन्य व्यवहार नभएका कारण आत्मसम्मान र मुक्तिको खोजी गर्न नसक्दा नै यस्तो विभेद उत्पन्न हुन्छ । सांस्कृतिक रूपमा सङ्गठनात्मक स्वरूप, जीवनशैली, संस्कृति, परम्परा र धार्मिक आस्थामाथि नै दमन गर्दै समाजमा एक जातिले अर्को जाति र एउटा जाति समूहले अर्को जाति समूहमाथि दमन गर्दछ । जातीय मुक्ति राष्ट्र र राष्ट्रियतासँग सम्बद्ध विषय हो । खास भूभागका जाति, संस्कृति, राजनीति, सङ्गठन, भाषा र जाति बिचको सम्बन्धका आधारमा जातीय असमानताका अन्त्य गर्दै जातीय दृष्टिले समान हक प्रदान गर्ने सङ्घर्षशील चेतना नै जातीय मुक्तिको चेतना हो । यस्तो अवस्था कहिले संचेतनाको अभिव्यक्तिका रूपमा प्रकट हुन्छ भने कहिले प्रतिरोधी र सङ्घर्षको अवस्थासम्म पुगी टुङ्गिन्छ । विचारधाराको निर्मितिमा विकास हुने साझा मनोवैज्ञानिक संरचना, साझा भाषा, साझा आर्थिक जीवन, साझा इतिहासको आधारको खोजी गर्दै राजनीतिक स्वरूपका साथै सांस्कृतिक पहिचानको पनि स्थापना भएमा जातीय मुक्ति प्राप्त हुन्छ । दमन र उत्पीडन तथा सत्ता र सुविधाको अवस्थामा विभेदजस्ता विषयबाट मुक्त अवस्था जातीय मुक्तिको अवस्था हो (भट्टराई, २०७७, पृ. ९) । यसरी मूलधारका नेपाली पत्रिका, अनलाइन माध्यम र सार्वजनिक प्रवचनहरूमार्फत तिख्खर सामयिक राजनीतिक विश्लेषण समेत गर्दै आउनुभएका आहुतिका थुप्रै वैचारिक निबन्ध तथा अन्तर्वार्ताहरूविभिन्न पुस्तक, पत्रिका र सङ्कलनहरूमा फुटकर रूपमा प्रकाशित छन्। कवितामा दलितका विषयमा प्रखर अभिव्यक्ति दिने काम केवलपुरे किसानले २०१२ सालबाट नै गरे तापनि बौद्धिक र प्राज्ञिक ढङ्गबाट कवितामा दलितको चतेना वा प्रतिरोधको चित्रण गर्ने काम आहुतिले गरेको देखिन्छ ।

समाजमा जिमीदार तथा पुँजीपति वर्गका मान्छेहरूले किसान तथा सोझा गरिबहरूमाथि शोषण गरिरहेका हुन्छन् । समाजमा शोषक र शोषितका बिचमा द्वन्द्व चलिरहन्छ । आर्थिक र भौतिक दुबै रूपमा समाजका पूँजीपति वर्गका मान्छेहरूले गरिब तथा दलित समुदायमाथि कब्जा जमाउन सफल हुन्छन् र त्यहाँबाट शोषणको समेत प्रारम्भ गर्दछन् । मनोविश्लेषणमा चेतन र अचेतन मनको बिचमा जस्तै मार्क्सवादमा शोषक र शोषितबिच द्वन्द्व चलिरहन्छ भन्ने सिद्धान्त मान्य छ (गौतम, २०५९: ४४) । सरकार वा सरकारका भरौटेहरूबाट निमुखा जनताहरू जातको नाममा, धनीगरिबको नाममा, महिलापुरूषको नाममा थिचोमिचोमा परिरहेका थिए । पसिनाको भरमा बाँच्नुपर्ने किसानहरू दैव र भाग्यको खेलको आधारमा सधैँ सामन्तहरूको नोकरका लागि सन्तान जन्माइरहेका थिए भने शासकवर्गहरू आफूलाई साक्षात् विष्णुका अवतारका रूपमा ठानी दृश्य जत्रोसुकै थिचोमिचो गर्न पनि पछि नपर्ने यथार्थ आहुतिले भोगेको यथार्थ हो र यही यथार्थको चित्रण उनका कवितामा पाइन्छ । बहुसांस्कृतिक र बहुजातीय समाजमा जातीय सत्ता सम्बन्धमा हुने विभेदले जात उत्पीडन र शोषणको जन्म हुन्छ । यसले अवसर र पहुँचमा भिन्नता ल्याई एउटा उत्पीडन र अर्को जाति उत्पीडित बन्दछ । नेपाली समाजमा जातीय आधारमा सोपान सम्बन्ध विद्यमान छ र यस्तो सम्बन्ध जाति र जनजाति, जाति, जनजाति र दलित दलित दलित बिचमा पनि रहेको छ । यही सोपानक्रमिक सम्बन्धका कारण जातीय उत्पीडन र शोषण कायम भई जाति जातिका बिच आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक भिन्नता रहन गएको छ (भट्टराई, २०७७, पृ. ३) । यसरी उपर्युक्त आधारमा आहुतिका कविता अभिव्यक्त दलित विभेद विरुद्धको प्रतिरोधलाई निम्नानुसार विश्लेषण गरिएको छ :

आहुति कवि, उपन्यासकार, सांस्कृतिक चिन्तकमात्र नभएर एक मार्क्सवादी बौद्धिक नेता पनि हुन् । उनी विसं २०४० को दशकदेखि नेपालको प्रगतिवादी साहित्य र चिन्तकका रूपमा सक्रिय छन्। उनले 'तपस्वीका गीतहरू' र 'गहुँगोरो अफ्रिका' दुई कविता सङ्ग्रह प्रकाशित छन् । 'नेपालमा वर्णव्यवस्था र वर्गसङ्घर्ष' समाजशास्त्रीय पुस्तक उहाँका प्रभावशाली रचना हुन्। उहाँको 'गहुँगोरो अफ्रिका' कविता नेपाली प्रगतिवादी काव्यवृत्तमा दलित मुक्तिचेतना र दलित सौन्दर्यदृष्टिलाई सर्वाधिक चर्चित रचना मानिन्छ। उनले नेपाली समाज तथा संस्कृति, दलितमुक्ति आन्दोलन र साहित्य तथा सौन्दर्यचिन्तनका क्षेत्रमा निरन्तर बौद्धिक हस्तक्षेप गर्दै आएका छन्। दलितमाथिको जातीय दमन र उत्पीडनका विरूद्धमा आवाज बुलन्द गर्नु नै यस कविताको विषयवस्तु हो । धर्मको आडमा सदियौँदेखि हिन्दुसमाजमा 'अछुत' भएर बाँच्नु परेका दलितहरूको यथार्थतालाई झल्काएर अभिजात वर्गप्रति तीव्र रोष गहुँगारो अफ्रिका कवितामा यसरी प्रकट गरिएको छ :

तिम्रो मनका मनोरञ्जित ग्रन्थीहरूलाई च्यात
त्यहाँ मेरो सङ्गीतको मधुर सरसराहट सुनिन्छ
आँखा जुधाउने आँट गर चेतनायुक्त मान्छे
कि मलाई जनावरसित बाँध र घाँस खुवाउने आँट गर
कि तिमी आफूलाई जनावरभन्दा फरक पार्ने साहस गर
म सारङ्गी रेट्ने, मादल ठोक्ने, गाइने हुँ (बादी हुँ)
यो गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ ।

(आहुति, २०७१, पृ. ४)

उपर्युक्त हरफमा कथित् ठूलाहरूले आफ्नो मनोरञ्जित ग्रन्थीलाई च्याप्नुपर्ने, दलितसँग आँखा जुधाउन सक्नुपर्ने या पशुसँगै बाँधेर घाँस खुवाउनु पर्ने भन्दैअभिजात वर्ग भनाउँदाहरूले दलितहरूलाई पशुवत् व्यवहार गरेर चरम शोषण गरेको सामाजिक यथार्थको चित्रण नै यस कविताको विषयवस्तु बनेर आएको छ । यहाँ छुवाछुत प्रथा विरूद्ध क्रान्तिकारी विचार सम्प्रेषण गरिएको छ । 'म' पात्रले पुजारीलाई सम्बोधन गरेर लेखिएको 'गहुँगोरो अफ्रिका' कवितामा दलितहरूको श्रम, सिप र पसिना चल्ने तर आफ्नो पसिनाको प्रतिफल खोज्दा अपमान सहनुपर्ने, अछुतले बनाएका मूर्तिलगायतका सामग्रीहरू पवित्र हुने तर ऊ आफैँ अपवित्र हुने हिन्दु संस्कारप्रति कटाक्ष प्रस्तुत गरिएको पाइन्छ । प्रभुत्वशाली वर्गले जुन देवताका आडमा धर्मशास्त्र खडा गरेर थिचोमिचो गर्छ । धर्मात्मी भनिएको प्रभुत्वशाली वर्गलाई मन्दिरमा स्थापना गर्नका लागि मूर्ति दलित कामीले बनाइदिएको उल्लेख गर्दै देवता बनाइदिने दलितलाई अपमान गर्नेहरूप्रति कि त दलितको अस्तित्वलाई भुङ्ग्रोमा पोल्न कि त दलितलाई अपमान गर्ने शास्त्रका पाना च्यात्न सुझाव पेस गर्दै सदियौँदेखि दलनबाट मर्माहत दलितका प्रतिरोधी आवाजलाई जोडदार रूपमा प्रस्तुत गरिएको छ (ढुङ्गाना, सन् २०२२, पृ. ३१४) । यो नै कवि आहुतिको कविताको बलियो पक्ष वा सशक्त पक्ष हो ।

मानिसका सारा आवश्यकताका काम दलितले गर्नुपरेको, सेवा दिनुपरेको तर ऊ आफैँ अछुत भएर रछ्यानमा मिल्काइएको तिक्तता व्यक्त गर्दै कवि अभिजात वर्गका प्रतिनिधि पुजारीलाई आफूसँग आँखा जुधाउन र दमागको फोहोर सफा गर्न आग्रह गर्दछन् । कथित ठूला जातका भनाउँदाहरूले लगाउने पैत्तालाका जुत्तादेखि शिरका टोपीसम्म दलितले नै बनाउने हरेक श्रम र सेवाका काम दलितले नै गर्नुपर्ने तर बदलामा 'अछुत' को विशेषण पाउनुपर्दा धर्मका आडमा आफूमाथि अपमान गर्ने धर्मातीलाई कवि चुनौती दिँदै इतिहासको कठघरामा उभिन, आफूलाई बदल्न हुङ्कार दिन्छन् । समाजको रछ्यानमा दमन सहेर बस्न नसक्ने, अपमानित इतिहासको हिसाब लिने र कुनैपनि मुक्ति प्राप्त गरेरै छाड्ने दृढ प्रतिज्ञा यहाँ प्रस्तुत भएको छ । समग्रमा जातीय दमन र उत्पीडनका विरूद्ध अभिजात वर्गलाई चुनौती दिएर दलितमुक्तिको आवाज बुलन्द गर्नु नै यस कविताको मूलभाव हो । अर्कातिर दलितहरू आफैँ सचेत भएर छुवाछुत र भेदभावविरूद्ध आन्दोलित हुनुपर्ने सन्देश कविताले दिएको छ । यसका लागि सहज तरिकाले यस प्रकारको न्याय नपाइने भएकाले अन्तिम लडाइ लड्नु विकल्प नभएको कुरालाई कविले जोड दिएका छन् । कवि आहुति भौतिक द्वन्द्ववादमा विश्वास गर्ने भएकाले अन्याय अत्याचारका विरुद्धमा नलडेसम्म दलितले न्याय नपाउने भएकाले दलित वर्गको उत्थानका लागि सबै एकजुट भएर अगाडि बढ्न कविले सशक्त रूपमा आवाज उठाएका छन् ।

समाजमा आज पनि विभिन्न बहानामा दलितमाथि अन्याय अत्याचार हुन छोडेको छैन । त्यस्तो विभेद गर्ने शोषक, सामन्ती र पुजारीलाई अबको युग वा समयमा पनि त्यस्ता अमानवीय व्यवहार नगर्न कडा चेतावनी दिएका छन् । आहुतिका कवितामा मानवीय मूल्य अपरहण भएको वर्तमानको सामाजिक संरचनाप्रति वितृष्णा तथा मानवीय स्वतन्त्रता र स्वाधीनताको पक्षमा मृदुगीत गाइएका छन् । आहुतिका गीत तथा कविताहरूले पीडित, शोषित, किसान तथा दलितवर्गको आवाजहरूलाई मुखरित गरिदिएका छन् । उनका कविताले सङ्घर्षको निरन्तरता र आमूल परिवर्तनको गणतन्त्रवादी चेत बोकेको छ । आफ्ना कवितामार्फत निम्नवर्गका जनता किसान, मजदुर, सुकुम्बासी, सर्वहारा, महिला, दलितप्रति सहानुभूति र शासकवर्गप्रति हुङ्कार व्यक्त गर्न सफल यिनी नेपाली प्रगतिवादी कविता परम्पराकै एक उल्लेखनीय कवि व्यक्तित्व रहेको कुरा घामझैँ छर्लङ्ग छ । यसरी कविले दलित विभेद विरूद्धको आवाजलाई सशक्त रूपमा उठाएका छन् । कवि आहुति आफैँमा एउटा यौद्धा हो, उहाँले अन्याय र अत्याचारका विरूद्ध लडेका छन् । उनले दलित विभेद विरूद्धको प्रतिरोध तथा आवजलाई निकै

प्रभावकारी ढङ्गले आफ्ना कवितामा यसरी प्रस्तुत गरेका छन् :

मेरो रातो रगत
मानिसको पवित्र रातो रगत
नीलो पसिनाको बुँद बनेर जब झर्दछ
तिमी आफ्ना नरम अञ्जुलीहरूमा आली लगाएर थाप्दछौ
जब म त्यो श्रमको सुवासयुक्त पसिना सुँघ्न खोज्छु
तिमी मेरो अपमान गर्छौ र मलाई टाढा राख्छौ
आँखा जुधाउने आँट गर पूजारी
म बीसौं शताब्दीको 'अछूत' हुँ !
यो गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ !
म न्याय चाहन्छु
म मुक्ति चाहन्छु !

(आहुति, २०७१, पृ. १)

उपर्युक्त हरफमा कविले सबैको रगत रातो भए जस्तै मानिस सबै एउटै हो । दलितको रगत र पसिनाको अवमूल्यन गर्दै दमन गर्ने शासक वर्गलाई अब बीसौं शताब्दीको दलितसँग आँखा जुधाउने आँट गर पुजारी भनेर चेतावनी दिएका छन् । अबका दलित भनेका पहिलाका जस्ता जे गर्दा पनि हजुर हजुर भनेर सधैँ दास बन्न तयार हने दलित होइनन् । अबका दलित भनेका सबै कुरा बुझेका हुँन्छन्, जस्तोसुकै अन्याय अत्याचारको सामना वा प्रतिरोध गर्न सक्छन् भन्ने कुरालाई कविले स्पष्ट पारेका छन् ।
संसारका सबै मानिस एकै हुन् भन्ने थाहा हुँदाहुँदै पनि आज पनि असमानताको व्यवहार गर्ने जो कोहीलाई पनि कडा चुनौती दिएका छन् । बिसौं शताब्दीमा आएर पनि यस प्रकारको व्यवहार दलितका लागि कदापि पाच्य छैन् । यसका लागि जस्तोसुकै लडाइ लड्न वा सङ्घर्ष गरेर भए पनि न्याय वा मुक्ति प्राप्त गर्ने भाव कवितामा व्यक्त गरिएको छ । यसरी कविले विभिन्न समयमा भएका आन्दोलन वा क्रान्तिले दलितमाथि हुँदै आएको अन्याय र अत्याचारको अन्त्य गरिदिएको भए आज आएर यस प्रकारको आन्दोलन गर्नुपर्ने थिएन । आजको समय पनि छुवाछुतको विषयमा अल्झनु भनेको निकै पछाडि फर्कनु हो । देशमा ठूलाठूला क्रान्ति हुँदा पनि जातीय दमन, शोषण अझै यथावत् हुनु भनेको लज्जास्पद कुरो हो । कविले तपस्वीका गीतहरू कविता सङ्ग्रहमा सङ्गृहीत रातो नालिस कवितामा पनि दलितमाथिको विभेद, अन्याय र अत्याचारलाई सामना गर्न यस प्रकारको रातो नालिस लेख्नुपर्ने थिएन भनेर यसरी सशक्त प्रतिरोध गरेका छन्  :

आर्थिक विषमता यथावत/शोषण यथावत
उत्पीडन यथावत/जातीय दमन यथावत
तिमीले अछुतहरूलाई अवहेलना गर्‍यौं
तिमीले छुवाछुत मेटाइदिएको भए
मैले आज अछुतहरूसँग माफी माग्नुपर्ने थिएन
रातो झण्डामुनि/रातो घरभित्र
मैले आज यो रातो नालिस पनि लेख्नुपर्ने थिएन ।

(आहुति, २०४९, पृ. १४-१५)

गुइँठोको  आगोलाई क्रान्तिको प्रतीकका रूपमा प्रस्तुत गर्दै दलित विभेद, असमानता र अन्यायले ग्रस्त नेपाली समाजको मुक्तिका लागि क्रान्तिकारीहरू लागि परेको यथार्थताको  चित्रण कविले  गुइँठोको  आगो कवितामा चित्रण गरेका छन् । समाजमा विद्यमान अन्याय र अत्याचारको सशक्त रूपमा क्रान्तिकारी विचारधाराको सम्प्रेषणद्वारा समाज परिवर्तन गर्ने उद्देश्यका साथ कवि लेख्छन्:

भाग्दै जीवन घिसारिरहेका छन्
तर म गुँइठाको आगो लिएर
शिर सगरमाथाझैँ ठाडो पारेर
सत्यको लागि लडिरहेको छु/हिँडिरहेको छु

ए ! कालो रात म तेरो चिहान खन्दैछु
रगतका छिर्काहरूले रातो बिहान बुन्दैछु
गुइँठोको आगो जिन्दावाद !

(आहुति, २०४९, पृ. ६-७)

गुइँठोको आगोलाई क्रान्तिको प्रतीकका रूपमा व्यक्त गर्दै आफू गुइँठोको आगो सल्काएर बस्ती-बस्ती हिँड्ने क्रान्तिकारी विचारको सम्प्रेषण नै कविको खास विषयवस्तु हो । समाजमा विद्यमान अन्याय, अत्याचार, दुराचार र असमानताका विरुद्ध क्रान्तिको प्रतीक गुइँठोको आगो झैँ सल्कँदै, क्रान्तिको दीप बालेर अघि बढ्नु पर्ने, एउटा क्रान्तिकारी ढले हजारौँ जन्मने भाव यहाँ व्यक्त भएको छ । आफू मुक्तियुद्धमा होमिँदा मृत्युवरण गर्न पुगेमा आफ्ना सारा दायित्वहरू हजारौँ सहयात्रीहरूलाई सुम्पिदिन कविले सगरमाथासँग आग्रह गरेका छन् । कवि आफू अँध्यारो रातलाई चिर्दै सुन्दर बिहानी ल्याउन हिँडेको र गुइँठोको आगो सल्काउँदै सगरमाथाको झैँ शिर ठाडो पारेर दलित विभेद विरुद्धको लागि लडेको भाव प्रस्ट पार्छन् । आफू गुइँठोको आगोझैँ सल्किएर क्रान्तिका लागि समर्पित हुने विचार कविमा रहेको पाइन्छ । समग्रमा देशमा रहेको अन्याय, अत्याचार, दमन र उत्पीडनका विरूद्ध सशक्त रूपमा प्रतिरोध गर्नुपर्ने भाव कवितामा आएको पाइन्छ ।

युगौँयुगदेखि अपमानित तथा अमानवीय व्यवहार भौग्दै आएका दलितले अब पनि चुपचाप सहेर बस्न नसक्ने बरू एकै पटक आजसम्म चुकाएको मूल्यको हिसाबकिताब गर्न कविले आव्हान गरेका छन् । 'गहुँगोरो अफ्रिका' शीर्षकको पहिलो कविता दुई दशक अघि लेखिँदा-छापिँदा दलित साहित्यबारे वैचारिक तथा प्राज्ञिक विमर्श मुखर भएको देखिएको थिएन । जातव्यवस्था बाँकी राखेर छुवाछुत-भेदभावको विरोध गर्ने सन्दर्भमा आहुतिका कविताले एउटा निश्चित वैचारिक दिशा पक्रेर दलित कवितालाई आदर्शवादी कुहिरोबाट वर्ग धरातलमा अवतरण गराएको पाइन्छ । अन्तिम समयसम्म पनि दलित विभेद विरूद्धको आवाजलाई यसरी नै खबरदारी गरिरहन्छन् :

तिमी मेरो अपमान गर्छौ र मलाई टाढा राख्छौ
आँखा जुधाउने आँट गर पुजारी
म बिसौँ शताब्दीको 'अछूत' हुँ !
म न्याय चहान्छु
म मुक्ति चहान्छु !

(गहुँगोरो अफ्रिका, २०७१, पृ. १)

एक्काइसौँ शताब्दीको दोस्रो दशकको मध्यसम्म पनि 'अपमानित इतिहासको हिसाब माग्ने' अवस्थामै रहेको दलितले अब सहेर नबस्ने उद्घोष गरेको छ । त्यसकारण लेखिए पुजारीसँग 'आँखा जुधाउने' आँटी कविता । चाहेर समाजको छुत मान्छे होस् वा पुजारी वा धर्मात्मी होस् यी सबैसँग हिसाब माग्ने अवस्थासम्म दलितवर्ग पुगेको छ । परम्परा झै पुर्खाले सहेर बसेको दलित अब जागेको यस्ता कुरामा कदापि सहेर नबस्ने र यसका विरूद्धमा लड्ने वा सशक्त प्रतिरोध गर्ने कुरालाई कवि आहुतिले बुलन्द पारेका छन् ।

यसरी कवि आहुतिले यस्तो प्रकारको विभेद नजिकबाट नियालेका मात्र नभएर भोगेका पनि छन् । यसर्थ कवितामा उनको सबैथोक सशक्त रूपमा आएको छ । जसरी एउटा भोकाएको बच्चा एक्लै भयो भने माटो पनि कोपर्छ, गुन्द्री पनि लुछ्छ । यी कवितामा मुक्तिको भोकले छटपटाइरहेको त्यही भोको बच्चाको मनोभाव लेखिएका छन् । जतिबेला नारायणहिटी दरबारमा शक्तिशाली 'प्रचण्ड, प्रतापी, भूपति'का खलकहरू थिए, जतिबेला सिंहदरबारमा लोकतन्त्रका ठेकेदारहरू विराजमान थिए, त्यतिबेला किसानको मझेरीमा 'कोपरामा जन्मेको' बेताज वीरबहादुर अपहेलित हुँदा जसरी झोक्किन्छ, यी कविता त्यसरी नै लेखिएका छन् । त्यस्तो बेला त्यसरी लेखिए यी कविता, जसरी योद्धाहरू ज्यान हत्केलामा राखेर युद्धमैदानमा ओर्लिन्छन् । त्यसरी लेखिए, जसरी दलित तथा मजदुरमा आउने तीव्र जोश र चर्को स्वरमा नारा ( आहुतिको गहुँगोरो अफ्रिकमाथि शल्यक्रियामा व्यक्त विचार, २०७१) । वर्तमान समयसम्म पनि खुट्टा पसारेर सुतेको अत्याचारी इतिहासप्रति भयङ्कर कविले यसरी आक्रोश पोख्दै दलितप्रतिको अन्याय र अत्याचारलाई यसरी प्रतिरोध गरेका छन् :

आँखा जुधाउने
आँट गर सफा मान्छे !
कि मेरा रक्त नलीमा पानी भर
कि आफ्नो दिमागको फोहोर सफा गर
म तिम्रो बस्तिको फोहोर सोहोर्ने च्यामे हुँ !
म गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ !
तिम्रो मनका मनोरञ्जित ग्रन्थीलाई च्यात ।

(आहुति, २०७१, पृ. १)

हजारौं वर्षको दलन र उत्पीडनको गोली भरिएको 'अशान्त बन्दुक'जस्तो दलित यस मुक्तिको हुँकार गर्छ र पुजारी-शासनलाई आँखा जुधाउन चुनौती दिन्छ । आहुतिका कवितामा दलित विभेद विरूद्धको आवाज वा प्रतिरोधलाई लुकाएर, डराएर होइन् सिधैं हाँकाहाँकी आँखामा आँखा जुधाएर चुनौती दिन सक्छौं भने जनावर होइन मान्छे नै ठान्छौं भने किन त्यस्तो व्यवहार गर्दछौं भनेर कविले यस प्रकारको चुनौती तथा खबरीदारी गरेका छन् :

आँखा जुधाउने आँट गर चेतना युक्त मान्छे !
कि मलाई जनावरसँग बाँध र घाँस खुवाउने आँट गर
कि तिमी अफूलाई जनावरभन्दा फरक आर्ने साहस गर
म साईंगी रेट्ने, मादल ठोक्ने गाइने हुँ, म वादी हुँ !
म गोल भूगोलको गहुँगोरो अफ्रिका हुँ !

(आहुति, २०७१, पृ. २)

आजको चेतनायुक्त मान्छेलाई दलितको गौरवमय इतिहाँसको पाठ पढाउँदै कि जनावर ठान कि मान्छे नै ठान अर्थात् अमानवीय व्यवहार नगर । हामी सबै एकै मानव हो किन असमान व्यवहार गर्ने गर्दछौं । अब जति गर्‍यौं गर, त्यो छुट तिमीमा छैन भन्दै विभेद विरूद्धको सशक्त प्रतिरोध कविले गरेका छन् ।

कवि आहुतिको अन्तिम लक्ष्य पनि जातविहीन र वर्गविहीन समाज निर्माण नै हो । समाजमा सबै मानिसले सम्मानित जीवन बाँच्न पाउनु पर्छ । २१औं शताब्दीमा आएर पनि यस प्रकारको अपमानित व्यवहार भोग्नु निकै दुःखको कुरो हो । यसका लागि सबै एकजुट भएर सामाजिक न्यायका निम्ति अर्थात् साम्यवादी समाजका लागि जुट्न कवितामा आव्हान गरिएको छ । नेपाली समाजमा आज पनि कविलाई पुरेतको भान्सासम्म पहुँच थिएन । दलितको जिन्दगीमा कुनै 'ज्योतिको पङ्ख' पलाएन र यिनले नेपाललाई 'सुन्दर, शान्त, विशाल' भन्दै जयगान लेखेनन् । मुक्ति खोजिरहेको अछुत, लोटा लुटिएकी लक्ष्मीनिया, जुठे नामको तुच्छ, गरिब, वीरे भन्ने वीरबहादुर आदिका कविता हुन् यी । यसरी आहुतिले कवितामा अन्याय र अत्याचार विरूद्धको आवाजलाई यसरी उठाएका छन् :

तिम्रो पैतालाको जुत्तादेखि शिरको टोपीसम्म
तिम्रो दृष्टिको दूर क्षितिजदेखि मुटुको स्पन्दनसम्म
म कहाँ छैन? म सर्वत्र छु !
मलाई तिमी कसरी 'अछूत' बनाउन सक्छौ 'छूत' मान्छे?
कि इतिहासको कठघरामा उभिने आँट गर
कि आफूलाई बदल्ने साहस गर
आँखा जुधाउने आँट गर पूजारी !
म बीसौं शताब्दीको 'अछूत' हुँ !
यो गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ !
म अपमानित इतिहासको हिसाब चाहन्छु
म कुनै पनि मूल्यमा मुक्ति चाहन्छु !

(आहुति, २०७१, पृ. ४-५)

कवि आहुतिले उठाएको दलित विरूद्धको प्रतिरोध निकै सशक्त छ । दलितहरूको आवश्यकता र उपस्थिति सर्वत्र रहेको र दलितहरूकै श्रम र सिपका कारण प्रमुत्वशाली वर्गले शिरदेखि पाउसम्म ढाक्न पाएको माथिको साक्ष्यमा प्रस्तुत गरिएको छ । यसैगरी अनेक उत्पीडनका बाबजुद आफूले समाजसामु अमूल्य योगदान पुऱ्याउँदापुऱ्याउँदै दलित तुल्याउन दुस्साहस गरेकामा यहाँ दमाई र सार्की समुदायका तर्फबाट 'तिमी मलाई कसरी अछुत बनाउन सक्छौ भने प्रश्नात्मक वाक्य ढाँचाका माध्यमले प्रतिरोध गरिएको छ । यस साक्ष्यमा दलितहरूको प्रतिरोध चेत प्रखरताका साथ प्रकट भएको छ । आजका दलितहरू प्राचीन कालीन नभई बिसौं शताब्दीका भएकाले अब यतिन्जेलका सारा अपमानको हिसाब खोज्ने र दलनको बन्धनबाट कुनै पनि मूल्यमा मुक्ति चाहने प्रतिरोधको सशक्त उद्घोष पनि माथिको साक्ष्यमा प्रकट गरिएको छ । कवितामा उपस्थित हरेक दलित पात्रहरू उत्पीडनलाई राम्ररी बोध गरेका, जातीय अस्तित्व चेतले जागृत एवम् वाचाल छन् । सीमान्तीकृत भए पनि कविताका हरेक दलित पात्र आफ्नो अस्तित्व रक्षाका लागि प्रभुत्वशाली शक्तिसँग जुध्न समर्थ देखिन्छन् (ढुङ्गाना, सन् २०२२, पृ. ३१६) । यसरी कवि आहुतिका कवितामा दलित विभेद विरूद्धको प्रतिरोध स्पष्ट र सशक्त रूपमा भएको पाइन्छ ।

कवि, उपन्यासकार, सांस्कृतिक चिन्तक तथा मार्क्सवादी बौद्धिक नेता आहुति विसं २०४० को दशकदेखि नेपालको प्रगतिवादी साहित्य र चिन्तकका रूपमा सक्रिय छन्। ऊनको 'गहुँगोरो अफ्रिका' कविता नेपाली प्रगतिवादी काव्यवृत्तमा दलित मुक्तिचेतना र दलित सौन्दर्यदृष्टिलाई सर्वाधिक मुखर स्वर दिने रचना मानिन्छ। कवि आहुतिले उठाएको दलित विरूद्धको प्रतिरोध निकै सशक्त र ऐतिहासिक छ । यसरी समस्या मुख्य जड पत्ता लगाएर समाधानसहितको प्रतिरोध खासै भएको पाइदैन । उनको प्रतिरोधमा समस्यामात्र छैन, समाधान पनि छ । यस विषयमा कवि आहुति र उनको लेखनका विषयमा विभिन्न समालोचकहरूले विभिन्न धारणा राखेका छन् ।

पोखरामा मिति २०७१ सालमा र्‍याण्डम सोसाइटी नेपालले आयोजन गरेको कार्यक्रमा आहुतिको गहुँगोरो अफ्रिकमाथि शल्यक्रिया कार्यक्रमा व्यक्त विचारलाई सङ्गीत स्रोताले कविलाई यसरी चिनाएका छन् : सानै विभिन्न दुःखपीडाबाट हुर्केर एउटा विद्यार्थी, शिक्षक, कलाकार, समावसेवी, नेता हुँदै साहित्यकारसम्म आएको व्यक्ति आजभोलि अधबैंशे उमेरमा लेखाइ कम, बोलाइ धेरै गरेको सुनिन्छ । त्यही मान्छेको मानसिक श्रमको भौतिक उत्पादन नै गहुँगोरो अफ्रिका हो । जसमा दलित विभेद विरूद्धको आवाज प्रतिरोधलाई सशक्त रूपमा उठान गरेका छन् (नागररिक दैनिक, २०७२ श्रावण ८, पृ. ९) । त्यस्तै आहुतिका कवितामा व्यक्त प्रतिरोधी चेतनाको अभिव्यक्ति भनेर जेवी विश्वकर्माले उक्त कार्यक्रममा आफ्नो धारणा यसरी व्यक्त गरेका छन् , "तीन हजार वर्षभन्दा लामो समयदेखि कथित ठूलाबडाको आदेश 'सुन्ने र मान्ने' बाहेक दलितलाई प्रश्न सोध्ने अनुमति थिएन । निरन्तर संघर्षले दलित प्रश्न सोध्ने र आफ्नो अधिकार दाबी गर्ने अवस्थामा आइपुगेका छन् । यस कविताले दलितको श्रम-पसिनामाथि पौडी खेल्नेहरूसँग रगत र पसिनाको मूल्य माग्दै विद्रोह बोलेको छ । दलितले बनाएको मूर्तिमा पूजा गर्ने तर दलितलाई मान्छे स्वीकार नगर्ने धर्मभीरू अर्थात् 'हिन्दु राज्य'का पूजार ीसँग आँखा जुधाउने हिम्मत गर्न चुनौती दिएको छ । दलितलाई पशुसरह ठान्ने चेतनाधारी मान्छेहरूलाई कविले दलितलाई जनावरसँग बाँधेर घाँस खुवाउन वा आफूलाई जनावरभन्दा फरक देखाउन चुनौती दिएका छन् । यतिमात्रै होइन, कविताले शासनसत्तामा रहेका पूजारी, जनतालाई चेतना र ज्ञान दिने प्राज्ञिक तप्का, साहित्यकार, लेखक, बुद्धिजीवी र आफूलाई सचेत दाबी गर्ने समुदायलाई इतिहासको कठघरामा उभिएर दलितमाथि गरिएको अपमानको हिसाब दाखिला गर्न चुनौती दिदै कविले दलितले युगौंयुगदेखि भोग्दै आएको अन्याय र अत्याचारका विरुद्धमा सशक्त प्रतिरोध गरेका छन्" (नागररिक दैनिक, २०७२ श्रावण ८, पृ. ९) । त्यस्तै साहित्यकार युग पाठकले आहुतिका कविताका विषयमा यस्तो प्रतिक्रिया अभिव्यक्त गरेका छन्, "आहुतिको बौद्धिक सक्रियता पछिल्लो समय निकै लोभलाग्दो छ । विचारोत्तेजक लेख र भाषणमार्फत उनले नारी अस्मिता, जनजाति, मधेसी, आदिवासी आदि सीमान्तकृत समुदाय र दलितको शिर उठाउने विद्रोह बोलिरहेका छन् । आजको आहुतिको जन्म नेपालमा चलेका अनेकन विद्रोह तथा आन्दोलनहरुको गर्भबाट भएको हो तर यही गर्भबाट जन्मनेहरु सबै आहुति हुँदैनन् । आहुतिका अनेक परिचय छन् । तीमध्ये उनको कवि परिचयसँग विद्रोही काव्यचेतना जोडिन्छ । गहुँगोरो अफ्रिका कविता उनको त्यही काव्यचेतनाको उपज हो । हुन त दलित शब्दको विद्रोही ओजलाई उनले व्याख्या पनि गर्ने गरेका छन् । गहुँगोरो अफ्रिकाको एक सघन विम्बमार्फत आहुतिले सिर्जना गरेको विद्रोहको संगीत गुञ्जिनुको अनुभूति साट्न सम्भव छ । पहाडदेखि मधेससम्मका दलितले भोगिरहेको दलनबाट उब्जेको यो एक

झिल्का हो र यो झिल्कासँग आँखा जुधाउने आँट गर्ने कि नगर्ने भन्ने प्रश्न पन कडा रुपमा आएको छ" (नागर रिक दैनिक, २०७२ श्रावण १०, पृ. ९) । यसरी आहुतिका कविताकृतिमा गहिरो अध्ययन गरेका राजेन्द्र महर्जनले यसरी आहुतिका कवितामा व्यक्त दलित प्रतिरोधलाई विश्लेषण गरेका छन् । आहुतिका कवित दलित जीवनबारे जीवन्त सांस्कृतिक दस्तावेज हो, जसमा हिन्दु सामन्तवादले तीन हजार वर्षदेखि दलनमा पारिएका समुदायका पीडा र सङ्घर्षलाई पोखिएको छ । सामान्यतः अछुत मानिएका दलित समुदायलाई पनि हिन्दु सामन्तवादद्वारा निर्मित 'मौनताको संस्कृति' ले छोपेको समुदायका रूपमा लिइन्छ । तर, आहुतिको लेखनले देखाएको छ, दलित समुदायमा पनि ' मौनताको संस्कृति' लाई तोड्ने प्रतिरोधको संस्कृति छ । यसरी आहुतिले दलित विभेद विरुद्धको प्रतिरोध सशक्त रूपमा गरेका छन् (नागररिक दैनिक, २०७२ श्रावण ८, पृ. ९) ।

दलितको पक्षमा प्राज्ञिक ढङ्गले सशक्त रूपमा प्रतिरोध गर्ने क्षमता कवि आहुति विशेष पहिचान वा विशिष्ट हो । यसरी आहुतिका कविताको विमर्श गर्ने क्रममा 'कुलीन काजीहरुप्रति लक्षित' भनेर बसन्त बस्नेत यसरी आफ्नो दृष्टिकोण व्यक्त गरेका छन् , "नेपाली समाजको सर्वाधिक सीमान्तकरणमा परेको दलितको मुक्तिका लागि संविधानसभाले साझा अठोट गरेको थियो । त्यो समुदायले भोगिरहेको दलन, बहिष्करण र वर्गभेद मेट्दै जान भूमिलगायत विशेषाधिकार दिने, समानुपातिक प्रतिनिधित्व दिनेलगायत वाचा र निर्णय सबै दलका दलित र गैरदलित सभासद्को थियो । सर्वसम्मतिले अनुमोदन भएका दलित एजेन्डालाई मस्यौदा समितिमा बसेका ठूला दलका आर्य-खस तालुकदारहरुले इरेजर लगाएका छन् । ऐतिहासिक उत्पीडन समाधान गर्न बनेको संविधानसभा नै जब उत्पीडनको पछिल्लो प्रतिनिधि बन्छ, आहुति त्यो बिन्दुमा फेरि एक पटक सान्दर्भिक बन्नुहुन्छ । यो कविता तिनै कुलीन काजीहरुप्रति लक्षित देखिन्छ । यो कविता उनीहरुले एक पटक पढून् र आफैँलाई सोधून के उनीहरु दलितलाई जनावरको दर्जाभन्दा माथि राख्ने, सम्मानजनक जीवन बिताउन पाउने मानव अधिकारको ग्यारेन्टी गर्ने हिम्मत गर्न सक्छन् ? के उनीहरु कथित अछूतहरुलाई आफूसँगै राखेर संवाद गर्ने नैतिकता राख्छन् ? के उनीहरु त्यो जातिभेद, वर्गभेदयुक्त अपमानित इतिहासको हिसाबकिताब फिर्ता गर्ने, समतामूलक समाज निर्माण गर्ने साहस गर्न सक्छन् ? भनेर आहुतिका कवितामा अभिव्यक्ति दलित विभेद विरुद्धको आक्रोश वा सन्देशलाई सशक्त रूपमा प्रस्तुत गरेको बताएका छन् (नागररिक दैनिक, २०७२ श्रावण ९, पृ. १०) । यसरी कविता विमर्शमा नेपाली साहित्यका चर्चित लेखकले यस कवितामाथि गरेका टिप्पणीका आधारमा आहुतिका कवितामा दलित विभेद विरुद्धका सबै खाले असमानता, अन्यायअत्याचारको सशक्त रुपमा प्रतिरोध गरेको पाइन्छ । दलित समुदायको पीडा, संघर्ष, आक्रोश तथा समानता र न्यायको लागि कवि आहुतिले ऐतिहासिक ढङ्गले दलित विभेद विरुद्धको प्रतिरोध सशक्त रूपमा गरेको पाइन्छ ।

## निष्कर्ष

समकालीन नेपाली साहित्यमाा कवि आहुतिले निकै प्रखर, वौद्धिक तथा प्राज्ञिक ढङ्गले दलित चेतना युक्त कविता लेखेर छुट्टै पहिचान र विशेषता बनाएका छन् । विशेष गरी युगौंयुगदेखि अन्याय अत्याचार भोग्दै आएका दलितले सशक्त रूपमा त्यसको प्रतिरोध गर्नुपर्ने पक्षमा वकालत गरेका छन् । इतिहासप्रति जिम्मेवार नभईकन लेख्नुभन्दा कुनै चुरा पसल खोलेर बस्नु वेश हुन्छ ठान्ने कवि आहुतिले आफ्ना साहित्यिक कृतिमा आफ्नो वैचारिक दष्टिकोण स्पष्टसँग राखेका छन् । सामाजिक जीवनको यथार्थतालाई प्रस्तुत गर्नु कवि आहुतिको महत्वपूर्ण प्रवृत्ति हो । अभिजातले दलितलाई जनावरसँगै बाँधेर घाँस खुवाउने आँट गर्न नसकेको र आफू पनि जनावरभन्दा फरक नरहेको कविको धारणा छ । यसरी कवि आहुतिले नेपाली समाजमा व्याप्त जातीय विभेद तथा जातीय उत्पीडनका विरूद्ध निकै प्राज्ञिक ढङ्गले शङ्खघोष, प्रतिरोध गर्नु नै मुख्य विषय रहको पाइन्छ । आहुति समाजको अग्रगामी परिवर्तनका लागि साहित्यिक र राजनीतिक दुवै मोर्चाबाट डटेर लागिपरेका व्यक्तित्व हुन् । मार्क्सवादी दर्शनबाट प्रभावित यिनको काव्यिक व्यक्तित्व सशक्त छ । समकालीन कविताहरूमा कविले यस्ता जातीय चेतना भएका विविध कविताहरू रचना गर्ने क्रम जारी नै छ । मूलतः प्रगतिवादी काव्यलेखनको मूलमान्यतालाई अक्षरशः पालना गरी काव्यसाधना गर्ने युगौंयुगदेखि दलनमा परेका जाति तथा व्यक्तिप्रति विशेष सहानुभूति राख्ने आहुतिले आफ्ना कवितामार्फत् जातीय उत्पीडनको तीब्र विरोधसहित सशक्त प्रतिरोध गरेका छन् ।

यसरी कविले दलितको पहिचानलाई कविले मन्दिरको देवता बनाउँन कामी, बस्तीको फोहोर सफा गर्ने च्यामे, सारङ्गी रेट्ने, मादल ठोक्ने, गाइने हुँ- वादी हुँ , तिम्रो गोरूसँगै माटोमा पौडिने मुसहर हली हुँ भनेर नेपाली समाजमा युगौंयुगदेखि अन्यायमा परेका कामी, गाइने, वादी, हली पेसा अपनाएका दलितहरूको

पहिचान र प्रतिनिधित्वलाई स्पष्टसँग उल्लेख गरेका छन् । समाजका लागि महत्वपूर्ण योगदान गरेका दलित जसको सिप, साधना, श्रम र मिहिनेतमा बाँचेका छौँ, आज त्यसैको पहिचान वा अस्तित्व समाजमा छैन । तिनै दलितको पहिचानलाई निकै ऐतिहासिक र गौरवमय ढङ्गले चित्रण गरेका छन् । आहुतिले उपर्युक्त कवितामा निकै मिहिनेत र परिश्रम गरी पसिना बगाउने दलितलाई अवमूल्यन गर्ने वा समाजमा कुनै मूल्य नभएको ठान्ने वर्गलाई दलितको वास्तविक मूल्य वा श्रमको सुवासलाई चिनाउँदै दलितको परिचय र पहिचानलाई झल्काउने प्रसास गरेका छन् । त्यस्तै श्रम र सिपका खानी दलितको अपमान गर्नेहरूले अब पनि अमानवीय व्यवहार नगरी सम्मान गर्न आहुतिका कवितामा जातीय प्रतिनिधित्वसँगै पहिचानको आवाज प्रस्तुत भएको छ । कविले आजका दलितलाई बिसौँ शताब्दीका दलित भनेर चिनाउँदै आजका दलित हिजोको दलित जस्तो अन्याय अत्याचार सहेर बस्ने दलित होइनन्, आजका दलित निकै सचेत र सजग भएर अन्याय अत्याचारका लागि लड्न तथा दलित विभेद विरुद्धको प्रतिरोध सशक्त रुपमा गरेका छन् ।

## कृतज्ञता ज्ञापन

प्रस्तुत आलेख विश्वविद्यालय अनुदान आयोगद्वारा विश्वविद्यालय अनुदान आयोगबाट आ.व. २०७८/७९ को लागि लघु अनुसन्धान विकास र नवप्रर्वतन अनुदानअर्न्तगतको प्रयोजनार्थ प्रदान गरिएको अनुसन्धानवृत्तिसँग सम्बन्धित रहेको छ । यसका निम्ति विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरप्रति हार्दिक आभार प्रकट गर्दछु ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, दुर्गादत्त (२०७५), नेपाली समालोचनामा दलित चेतना : संक्षिप्त रेखाङ्कन. प्रज्ञा २(१०६), पृ. १०२-१११ ।

अधिकारी,, दुर्गादत्त (२०७६), प्रगतिवादी उपन्यासमा दलित चेतना (अप्रकाशित दर्शनाचार्य शोध प्रबन्ध), नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

आहुति (२०४९), तपस्वीका गीतहरू, प्रगति पुस्तक सदन ।

आहुति (२०६७), नेपालमा वर्णव्यवस्था र वर्ग - सङ्घर्ष, समता फाउण्डेसन ।

आहुति, (२०७१), गहुँगोरो अफ्रिका, साङ्ग्रीला प्रकाशन प्रा.लि. ।

आहुति, (२०७७), जात वार्ता, बेला पब्लिकेसन्स ।

गिरी, अमर (२०७३), समकालीन नेपाली कविताको वैचारिक परिप्रेक्ष्य, साझा प्रकाशन ।

गौतम, लीलानाथ (२०६७). आहुतिको काव्यिक व्यक्तित्वका सापेक्षतामा तपस्वीका गीतहरूको अध्ययन (अप्रकाशित स्नातकोत्तरको शोधपत्र), पाटन संयुक्त क्याम्पस, त्रि.वि., ललितपुर ।

चापागाईं, निनु (२०६८), दलित सौन्दर्यशास्त्र र साहित्य, साझा प्रकाशन ।

ढुङ्गाना, लावण्यप्रसाद (सन् २०२२), गहुँगोरो अफ्रिका कवितामा दलित चेतना. शान्ति जर्नल, विश्व शान्ति क्याम्पस, वर्ष १, अङ्क १, पृ. ३०५-३१७ ।

निरौला, फणीन्द्रराज (सन् २०१९), उत्तरवर्ती नेपाली कवितामा दलित सन्दर्भ, प्रवासन, समकालीन साहित्य प्रतिष्ठान, वर्ष १, अङ्क ३, पृ. १-१४ ।

पाण्डे, ताराकान्त (२०६८), समकालीन प्रगतिवादी नेपालीका प्रवृत्ति(सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, रत्न बृहत नेपाली समालेचना प्रायोगिक खण्ड, रत्न पुस्तक भण्डार ।

बराली, रणेन्द्र, अधिकारी, डिडी (२०७७). नेपाली दलित साहित्यलेखनको इतिहास. प्रज्ञा प्रकाशन प्रा.लि. ।

भट्टराई, रमेशप्रसाद (२०७७), सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ, भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७), आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण, डीपुराण प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०),कविताको सिद्धान्त र नेपाली कविताको इतिहास, साझा प्रकाशन